▸हामी अल्लाहमाथि आस्था राख्दछौं र वहाँको धार्मिक विधिविधान –जुन चाहिं वहाँले मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई दिनुभएको थियो भने त्यस–अनुसार कर्म गर्छौं।

▸मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम उनीहरुमध्ये अन्तिम र सर्वश्रेष्ठ सन्देष्टा हुनुहुन्छ।

▸सन्देष्टाहरु मानव नै थिए,ईश्वर थिएनन्।

▸सन्देष्टाहरुको उपासना गर्नु सबभन्दा ठूलो पाप हो। जसलाई अल्लाहले कहिले पनि क्षमा गर्नु हुन्न।

▸सन्देष्टाहरु मात्र अल्लाहको उपासना गर्थे र यसैका आदेश हामीलाई पनि दिए।

▸अल्लाहले प्रमाणका लागि आवश्यक अनुसार उनीहरुलाई विभिन्न प्रकारका चमत्कारहरु पनि दिनुभएको थियो।

## ५–परलोकमाथि आस्था :

हामी परलोकको सम्बन्धमा निम्नलिखित कुराहरुमाथि आस्था राख्दछौं।

▸प्रत्येक मानिस र जीव–जन्तुहरु आफ्नो जन्मपछि निश्चित समय सम्म जीवित रहेर अवश्य नै मर्नेछन्।तर अल्लाहको कहिल्यै पनि मृत्यु हुँदैन।

▸अल्लाह जसले सम्पूर्ण ब्रह्माण्डलाई सृजना गर्नुभएको छ। फेरि वहाँले नै हामी सबैलाई अर्को चोटि मरणोपरान्त जीवित पार्नुहुन्छ।चाहे मृतक व्यक्तिहरु हुन् वा वर्तमानका मानिसहरु हुन् वा संसार रहेसम्म जन्म लिने अन्य मानव आदि र यसैलाई अरबीमा “बअ्स” भनिन्छ।

▸अल्लाहले प्रत्येक मानिस र जिन्न प्राणीसित उसले गरेको कार्य–कर्तव्यको बारेमा सोधपुछ गर्नुहुन्छ र उनीहरुलाई उचित तथा पर्याप्त प्रतिफल दिनुहुन्छ। अनि यसैलाई अरबीमा“यौमुल्हिसाब”भनिन्छ।

▸मुमिन(पूर्ण विश्वासी)हरुसित अल्लाह प्रसन्न हुनुहुन्छ र उनीहरुलाई मरणोपरान्त कर्म अनुसार स्वर्गमा पठाउनुहुन्छ।

▸नास्तिकहरुलाई अल्लाहले नर्कमा पठाउनुहुन्छ र उनीहरुलाई दीर्घकालीन यातना दिनुहुन्छ।

▸अल्लाहको उपासना,मुमिनहरुको सहायता र सत्यता सद्कर्महरुमध्ये आउँछन् जसलाई अल्लाहले चाहनु हुन्छ।

▸कुफ्र,झूठ,बलात्कार र अपराध...कुकर्महरुमध्ये आउँछन् जसलाई अल्लाहले घृणा गर्नुहुन्छ।

▸हिसाब सिद्धि सकेपछि मानिस र जिन्न प्राणीहरु स्वर्ग वा नर्कमा जानेछन्। अरबी भाषामा स्वर्गलाई जन्नत र नर्कलाई जहन्नम, नार,सकर आदि भनिन्छ।

▸यो संसार हाम्रो परीक्षा–स्थल हो। जसको प्रतिफल संसार समाप्त भएपछि प्राप्त हुनेछ।

## ६–भाग्यमाथि आस्था :

▸महान अल्लाह पूर्ण ज्ञानी तथा अन्तर्यामी हुनुहुन्छ। गत-विगतमा के कस्तो भयो?भविष्यमा के कस्तो हुनेछ? र वर्तमानमा के कस्तो भइरहेको छ?ती सम्पूर्ण कुराहरु एवं रहस्यहरुलाई शुरुदेखि नै उहाँले जान्नु हुन्छ र ती सबैलाई आफ्नो परिपूर्ण ज्ञान अनुसार लेख्नु पनि भएको छ।

▸सृष्टिका स्रष्टा र पालन पोषणकर्ता अल्लाह नै हुनुहुन्छ। तर कुनै कुकर्म,पाप,अपराध आदिलाई प्रसन्नताको दृष्टिले न चाहनु नै हुन्छ र न त्यसबाट खुशी नै हुनुहुन्छ।

▸संसार हामी सबैका निम्ति परीक्षा–स्थल हो,यसर्थ यसमा दुबै प्रकारका चीजहरु उत्पन्न गरिएका छन्। हामी माथि अनिवार्य छ कि अल्लाहबाट हामी लाई प्राप्त भएको बुद्धि–विवेकको उचित प्रयोग गरौं।

▸भाग्य लेख्नमा अल्लाहले कसैमाथि अपराध गर्नुभएको छैन,किनभने कि केही गर्दाखेरि हामीलाई हक–अधिकार अवश्य प्राप्त हुन्छ तर अन्त्यमा हामी जे गर्छौं भने त्यो नै हाम्रो भाग्यमा लेखेको हुन्छ।

▸भाग्य चाहे राम्रो होस् वा खराब होस्, भाग्यमाथि आस्था राख्नु ईमानका स्तम्भहरुमध्ये अन्तिम आधार हो। जस माथि प्रत्येक सत्यवान मुसलमानले आस्था राख्दछ। चाहे उसको मन-मस्तिष्कले ईश्वरीय उद्देश्यलाई बुझ्न सकोस् वा नसकोस्।

अल्लाह तआलाले हाम्रो मार्गदर्शनका लागि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम–वहाँमाथि शान्ति होस्–लाई आफ्नो अन्तिम सन्देष्टा नियुक्त गरेर वहाँमाथि पवित्र कुरआन अवतरित गर्नुभएको थियो। अब हामीमाथि अनिवार्य छ कि यसमाथि पूर्ण विश्वास राखौं। अनि अल्लाह र वहाँको अन्तिम सन्देष्टाको आदेश अनुसार जीवन व्यतीत गरौं। यसैमा हामी सबैको सफलता छ। अल्लाहले हामी सबैका कल्याण गरुन्। (आमीन)


للمساهمة معنا في مشروع طباعة الكتب

www.ipc-kw.com 212 داخلي 2444117 - 2427383

Fahad Salem St. Al-Mulla Saleh Mosque P.O.Box:1613 Safat 13017
Tel.: 2444117 - Fax: 2400057 e-mail:ipb@ipc-kw.com




# संक्षिप्तमा ईमानका स्तम्भहरु



أركان الإيمان


لجنة التعريف بالإسلام
ISLAM PRESENTATION COMMITTEE
جمعية النجاة الخيرية

بسم الله الرحمن الرحيم

ईमानको अर्थ हुन्छ जान्नु र मान्नु।

इस्लामी सिद्धान्त बमोजिम मुखले गवाहीको पवित्र कलमा...भन्नु,हृदयमा त्यसप्रति विश्वास राख्नु र अंगप्रत्यङ्गले उक्त आस्था अनुसार कर्म गर्नुलाई “ईमान” भनिन्छ। ईमानका ६ स्तम्भहरु छन्। तल तिनको संक्षिप्त रुपमा व्याख्या गरिएको छ। जसबाट अल्लाहको कृपाले हामीलाई अवश्य लाभ हुनेछ।

## १–अल्लाहमाथि आस्था :

हामी अल्लाहको सम्बन्धमा निम्नलिखित कुराहरुमाथि आस्था राख्दछौं।

- अल्लाह एक्लै वास्तविक पूजनीय हुनुहुन्छ।
- अल्लाह सर्वशक्तिमान हुनुहुन्छ।
- अल्लाह प्रत्येक वस्तुको बारेमा पूर्ण ज्ञानी तथा अन्तर्यामी हुनुहुन्छ।
- अल्लाहलाई कहिल्यै पनि कसैको आवश्यकता पर्दैन।
- अल्लाहको कोही पनि भागीदार तथा साझेदार छैन।
- अल्लाह नै सम्पूर्ण सृष्टिका स्रष्टा र त्यसका पालन पोषणकर्ता हुनुहुन्छ।
- अल्लाहका बुबा,आमा,छोरा,छोरी श्रीमती आदि छैनन् र न वहाँलाई तिनीहरुको आवश्यकता नै छ किनभने कि अल्लाह सांसारिक बन्धनबाट मुक्त हुनुहुन्छ।
- अल्लाहले आफ्नो इच्छा अनुसार जे पनि चाहनु हुन्छ गर्नुहुन्छ।
- अल्लाह अमर तथा अविनाशी हुनुहुन्छ।
- अल्लाहको अस्तित्व अद्वितीय छ।
- अल्लाह अर्श(ईश्वरीय सिंहासन जुन चाहिँ आकाशमाथि छ)माथि हुनुहुन्छ।
- अल्लाहसित केही गुप्त छैन। चाहे मानिसले त्यसलाई प्रत्यक्षमा गरोस् वा अप्रत्यक्षमा।

यसर्थ हामी माथि अनिवार्य हुन्छ कि अल्लाहमाथि जस्ताका त्यस्तै पूर्ण विश्वास राखौं।

## २–फरिश्ताहरुमाथि आस्था :

हामी फरिश्ताहरुको सम्बन्धमा निम्नलिखित कुराहरुमाथि आस्था राख्दछौं।

- अल्लाहले फरिश्ता(दूत)हरुलाई प्रकाश(नूर)बाट उत्पन्न गर्नुभएको छ।
- फरिश्ताहरु अल्लाहको आज्ञापालन गर्दछन् र उहाँको आदेशलाई निर्देश अनुसार लागु पनि गर्दछन्।
- उनीहरुमध्ये केही का नाम र काम अल्लाह र वहाँका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले बताउनुभएका छन्। जसमाथि जस्ताका त्यस्तै आस्था राख्नुपर्छ।
- आदरणीय“जिब्रील”ईश्वरीय सन्देष्टाहरुसम्म ईशवाणी–वह्य–ल्याउँथे।
- आदरणीय“मीकाईल”रोजी–आजीविका–वितरण गर्ने फरिश्ताको नाम हो।
- “मलकुल्मौत”आत्मा निकाल्ने फरिश्तालाई भनिन्छ।जहाँसम्म वहाँको नाम “इज्राईल” हो भन्ने धारणा छ भने त्यसमाथि कुनै सही प्रमाण छैन,बरु वहाँ फरिश्ताहरुमध्ये एउटा फरिश्ता हुनुहुन्छ।
- “इस्राफील”मरणोपरान्त वहाँ द्वारा नरसिंधा फूकिने छ।त्यसपछि अल्लाहको आदेश अनुसार सम्पूर्ण प्राणीहरु हिसाब किताबका लागि जीवित हुनेछन्।
- “कातिबून”हाम्रा राम्रा तथा खराब कर्महरुलाई लेख्ने फरिश्ताहरुलाई भनिन्छ।
- “हफजह्”ईश्वरीय आदेश अनुसार मानव आदि लाई सुरक्षा गर्ने फरिश्ताहरुलाई भनिन्छ।
- आदरणीय“मालिक”नर्कको द्वारपाल हुनुहुन्छ।
- आदरणीय“रिज्वान”स्वर्गको द्वारपाल हुनुहुन्छ।
- उनीहरु पूर्ण विश्वासीहरु–मुमेनीन–सित प्रेम र उनको सुरक्षा एवं सहायता गर्छन्।

## ३–आकाशीय ग्रन्थहरुमाथि आस्था :

हामी आकाशीय ग्रन्थहरुको सम्बन्धमा निम्नलिखित कुराहरुमाथि आस्था राख्दछौं।

- अल्लाहले सन्देष्टाहरुमाथि ग्रन्थहरु अवतरित गर्नुभएको थियो।जसमा समय समयका मानिसहरुका लागि उचित शिक्षा तथा मार्गदर्शन उल्लेख थियो। ती ग्रन्थहरुमध्ये केही प्रसिद्ध धार्मिक ग्रन्थहरुका नाम यस प्रकार छन्।
- “तौरात”उक्त ग्रन्थ आदरणीय मूसा–वहाँमाथि शान्ति होस्–माथि अल्लाहले अवतरित गर्नुभएको थियो।
- “जबूर”उक्त ग्रन्थ आदरणीय दाऊद–वहाँमाथि शान्ति होस्–माथि अल्लाहले अवतरित गर्नुभएको थियो।
- “इंजील”उक्त ग्रन्थ आदरणीय ईसा(येशू)–वहाँमाथि शान्ति होस्–माथि अल्लाहले अवतरित गर्नुभएको थियो।
- “पवित्र कुरआन”यो अन्तिम र परिपूर्ण आकाशीय ग्रन्थ हो। जसलाई अल्लाहले आदरणीय मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम–वहाँमाथि शान्ति होस–माथि अवतरित गर्नुभएको थियो।
- “पवित्र कुरआन”बाहेक उक्त ग्रन्थहरुमा मानिसहरुले आफ्नो मनसाय अनुसार थपघट गरी दिएका थिए।
- “पवित्र कुरआन”आफ्नो असल स्वरुपमा बाँकी छ र सधैं बाँकी नै रहनेछ। किनभने कि अल्लाहले स्वयं यसको सुरक्षा गर्नुहुन्छ। जस्तै वहाँको कथन छ : “हामीले नै यो कुरआन अवतरित गरेका छौं र यसको सुरक्षा गर्नु हाम्रै जिम्मेवारी हो।”(अल्हिज्र/९)
- संसार जति विकसित भएपनि सम्पूर्ण मानव,जिन्न आदि प्राणीहरु एकजुट भएर पनि कुरआनको जस्तो एउटा“आयत”पनि तयार पार्न सक्दैनन्। अल्लाहले यसका लागि आह्वान पनि गर्नुभएको छ। जस्तै पवित्र कुरआनमा छ :“(हे सन्देष्टा) भनिदेऊ ! यदि समस्त मानिस र जिन्न प्राणीहरु एकजुट भएर पनि यस्तो कुरआन तयार पार्न चाहन्छन् भने तयार पार्न सक्दैनन् चाहे उनीहरु एकअर्काका सहायता नै किन नगरुन्।”(बनी इस्राईल/८८)
- पवित्र कुरआन बाहेक अन्य आकाशीय ग्रन्थहरु केही निश्चित समुदाय तथा समयका मानिसहरुका लागि थिए तर पवित्र कुरआन कुनै खास समुदाय,जाति,मुलुक,थरी र मानिसका लागि होइन,बरु यो आफ्नो अवतरणदेखि नै सम्पूर्ण मानिस र जिन्न प्राणीहरुका लागि हो।
- पवित्र कुरआन कुनै मानिसको कथन होइन,बरु यो अल्लाहको वाणी हो। जसलाई अल्लाहले जिब्रील द्वारा २३ वर्षको लामो अवधिमा आवश्यक अनुसार मुहम्मद सल्लल्लाहु अलैहि व सल्लममाथि अवतरित गर्नुभएको थियो।

## ४–ईश्वरीय सन्देष्टाहरुमाथि आस्था :

हामी ईश्वरीय सन्देष्टाहरुको सन्बन्धमा निम्नलिखित कुराहरुमाथि आस्था राख्दछौं।

- अल्लाहले प्रत्येक समय र स्थानका मानिसहरुका लागि सन्देशवाहकहरु तथा सन्देष्टाहरुलाई पठाउनुभएको थियो।
- सन्देष्टाहरु मानिसहरुलाई सिकाउँथे कि उनीहरुले अल्लाहमाथि कसरी आस्था राख्नुपर्छ र कसरी वहाँको भक्ति गर्नुपर्छ।
- उनीहरुमध्ये २५नबी र रसूल(सन्देशवाहक र सन्देष्टा)को नाम पवित्र कुरआन उल्लेख छ। जब कि उनीहरुको सङ्ख्या १ लाखभन्दा बढी थियो।
- केही प्रसिद्ध नबी तथा रसूलहरुका नामहरु यस प्रकार छन्। आदम, इदरीस,नूह,इब्राहीम,इस्माईल,इस्हाक,यअ्कूब,यूसुफ,मूसा,दाऊद,सुलैमान,ईसा र मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम आदि।
- हामी सबै सन्देष्टाहरुमाथि आस्था राख्छौं र उनीहरुसित प्रेम गर्छौं।